बैठक संख्या :- ११६
मिति : - २०७९/०३/२३ विहिवार
समय :- विहान ७.०० वजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यु को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिम कार्यापालिकाको बैठक बस्यो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सचिव ( प्र.प्र.अ.) |

प्रस्तावहरु

१. विद्युतीय भुक्तानी प्रणाली
२. कक्षा अपग्रेड र कक्षा ठाउ सारी
३. अध्ययन विदा जगत आले
४. ऋण सम्झौता म्याद थप सिटी हल
५. घ वर्गको ईजाजत प्रमाण पत्र
६. वसपार्क भएको सार्वजनिक शौचालयको म्याद थप
७. .सामी परियोजना सम्बन्धमा

निर्णय नं. १ : संघ, प्रदेश र स्थानीय तहको आर्थिक प्रशासन संचालन र व्यवस्थापन संघीय कानुन अनुसार हुने कानुनी व्यवस्था अनुसार संघीय सरकारले पुर्ण रुपमा लागू हुने गरि सकेको विद्युतीय भुक्तानी प्रणाली इएफटी अव सवै स्थानीय तहहरुमा पनि लागु गर्ने नीति भए वमोजिम धेरै पालिकाहरुमा यो प्रणाली को शुरुवात भैसकेको र आर्थिक वर्ष ०७९।०८० वाट कमलामाई नगरपालिकामा पनि विद्युतिय भुक्तानी प्रणालीले शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : कमलामाई नगरपालिका वडा नं. ७ मा संचालित श्री शिद्धबाबा वोर्डिङ्ग स्कुल वुद्ध नगर मा सचालित विद्यालयलाई आर्थिक वर्ष २०७९।८० देखी लागु हुने गरि कक्षा ११ थप गर्ने र कक्षा ११ र १२ को संचालन कमलामाई नगरपालिका वडा नं ४ मा धुरा वजारमा र सिन्धुली एकेडेमि मिलन चोक ४ वाट कमलामाई वडा नं. ६ मा कक्षा ११ र १२ ठाउँ सारी गरि कक्षा संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३ : श्री कमला माध्यमिक विद्यालय ढुङ्गेवास,सिन्धुलीमा कार्यरत मा.वि.स्थायी शिक्षक श्री जगत बहादुर आले मगरले दक्षिण कोरिया शिक्षा मन्त्रालयको विद्यावारिधि गर्नको लागि सरकारी छात्रवृति (GKS) छनौट भई अध्ययन विदा स्वीकृतका लागि निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार शिक्षा नियमावली ,२०५९ परिच्छेद १९ नियम १०६ (६) अनुसार खाईपाई आएको तलब, भत्ता सहित २०७९ भाद्र ०८ गते देखि तिन वर्षको लागि अध्ययन विदा स्वीकृत गर्ने र अभिलेखीकरणको लागि जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई सिन्धुली लाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ४ : कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय र नगर विकास कोष बीच सभागृह भवन निर्माण (City Hall Buliding project Code : 2200 – VID – C0-L) निर्माणको लागि मिति २०७७ असार २८ गते दुई वर्ष ऋण सम्झौता भएकोमा ठेक्का प्रक्रिया दुई पटक गर्नु पर्ने भई समयावधि वढुन गएको हुँदा द्विपक्षीय सम्झौताको वुदा नं. २.२५ मा उल्लेख भए अनुसार सम्झौता अवधि समाप्त भएको मितिवाट अठार महिनाको लागि म्याद थप गर्न नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : कोइच इन्जिनियरिङ्ग एण्ड सप्लायर्स क.न.पा. ५ र मरिण गुप्तेश्वर निर्माण एण्ड सप्लायर्स प्रालि क.न.पा २ लाई 'घ' वर्गको ईजाजत प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. ६ : कमालमाई नगरपालिका ६ वस पार्कमा अवस्थित सार्वजनिक शौचालय र पसल संचालनको लागि प्रति महिना रु.२२२०२।- साविक भाडा दरमा १३ प्रतिशत भाडामा थप गरी साविक संचालक पक्ष संगनै थप एक वर्षको (२०८० आषाढ सम्मका) लागि सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : सामी परयोजना कार्यक्रम अर्न्तगत रिलिफ नेपाल र कमलामाई नगरपालिका विच भएको सम्झौता अनुसार म्याद समाप्त भएको र उक्त कार्यक्रमा आर्थिक वर्ष ०७९।०८० मा कमलामाई नगरपालिका वाटनै कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।